विषयक अनुसन्धान सम्पन्न गर्नका साथै पहिचानको खोजीमा नामक अनुसन्धान लगायत विभिन्न अनुसन्धानहरु सम्पन्न र सार्वजनिकीकरण गरियो ।

❖ आमाको नामबाट नागरिकता विषयक विभिन्न अभियान र कार्यक्रमहरूको आयोजना गरियो ।

❖ बेइजिङ सम्मेलनको सम्झना स्वरुप ३१ अगस्त १९९७ देखि २००८ सम्म प्रत्येक अंग्रेजी महिनामा महिला तथा बालबालिका बेचबिखनविरुद्ध "कालो पहिरनमा महिला" विषयक मौन विरोध कार्यक्रम प्रदर्शन गरियो ।

❖ मानव बेचबिखनविरुद्ध विभिन्न जिल्ला, क्षेत्रीय तथा राष्ट्रिय स्तरमा कार्यक्रम तथा प्रशिक्षक प्रशिक्षणको आयोजना गरियो ।

❖ सन् २००४ मा महिलामाथि हुने सबै प्रकारका हिंसा विरुद्ध दक्षिण एसियाली अभियान (हामी सक्छौं अभियान) नेपालमा शुरुवात गरी "महिला अदालत" को आयोजना तथा सन् २००४ देखि २०११ सम्म उक्त अभियानको सक्रिय साझेदारको रुपमा रही अभियान सञ्चालन गरियो ।

❖ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको कार्ययोजना २०६८ मा एटविनका मुद्दाहरूमा वकालत गर्न सफल भयो ।

❖ घरेलु हिंसा (नियन्त्रण) ऐन, २०६५ का लागि वकालत र पैरवी गरियो ।

❖ महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा एटविनले



मानव बेचबिखनविरुद्धको अभियानमा गरेको उल्लेख्य योगदानको प्रशंसा गर्दै सन् २०१० र सन् २०१२ मा कदरपत्र प्रदान गरियो ।

❖ वि.सं.२०६८ मा मानव बेचबिखन बाट प्रभावित तथा मानव बेचबिखनविरुद्धको अभियन्ता चरिमाया तामाङ (अनु) तथा सहयात्रीहरूको सम्मान कार्यक्रमको आयोजना गरियो ।

❖ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा एटविनले सिफारिश गरेअनुसार एटविनका सदस्य संस्थाहरु तथा यससंग आबद्ध प्रभावित तथा व्यक्तिहरुलाई मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवसको अवसरहरुमा सम्मान तथा पुरस्कार प्रदान ।



❖ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मानव बेचबिखन विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ को कार्यान्वयन कार्ययोजनाको प्राविधिक समितिमा सदस्यको रुपमा मनोनित र कार्ययोजनामा आफ्ना मुद्दाहरु राख्न सफल ।

❖ नेपालको संविधान २०७२ मा शोषण विरुद्धको हक अन्तर्गत मानव बेचबिखन तथा दासत्वविरुद्धको हक क्षतिपूर्ति सहित वकालत गर्न सफल ।

❖ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सदस्यको रुपमा २०६५ र २०७० देखि थप दोस्रो कार्यकालका लागि निरन्तर मनोनित ।

❖ सरोकारवाला निकायहरू महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगसंग नियमित समन्वय र सहकार्य ।

## एटविन सचिवालय :

एटविनको स्थापनाकाल देखि नै प्रत्येक दुइ वर्षमा यसको संयोजकत्व सहित सचिवालयको जिम्मेवारी सदस्य संस्थाहरूले नेतृत्व गर्ने प्रावधान रहेकोमा सन् २००१ बाट संयोजकत्व हस्तान्तरणको क्रम सुरु भएता पनि सचिवालय भने निश्चित स्थानमा रहँदै आएको छ । हालसम्म निम्नानुसारका सदस्य संस्थाहरूले नेतृत्व गरिसकेका छन् ।

| क्र.सं. | संयोजक संस्था | वर्ष (ई.सं.) |
|---|---|---|
| १ | महिला पुनर्स्थापना केन्द्र (ओरेक) | १९९७-१९९८ |
| २ | सिविन-नेपाल | १९९९-२००० |
| ३ | महिला आत्म निर्भरता केन्द्र (मान्क) | २००१-२००२ |
| ४ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २००३-२००४ |
| ५ | नारी सीप सृजना केन्द्र (ओस) | २००५-२००६ |
| ६ | ग्रामीण महिला सृजनशील परिवार | २००७-२००८ |
| ७ | शक्ति समूह | २००९-२०१० |
| ८ | नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन) | २०११-२०१२ |
| ९ | समाजसेवा तथा मानव अधिकारमा महिला तथा बालबालिका (सिविस) | २०१३-२०१४ |
| १० | जागरण नेपाल | २०१५-२०१७ |

## भविष्यको बाटो :

अभियानमा आधारित संजालका रुपमा एटविनले बढ्दो पहिचान सँगसँगै मानव बेचबिखनका क्षेत्रमा आफ्नो दायित्वलाई पनि गहन रुपमा महसुस गर्दै आएको छ । निश्चित रुपमा यसको भविष्यको बाटो सहज नभई चुनौतीहरूले भरिएका छन् । तर व्यक्तिगत तहदेखि सदस्य संस्थाहरू र राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका समान विचार राख्ने संघसंस्थाहरूको सहयोग र समर्थनमा सबै चुनौतीहरूको सामना गर्दै अगाडी बढ्नेमा एटविन विश्वस्त छ ।

## एटविनका सदस्य संस्थाहरू (वि.सं २०७३ सम्म) :

१. महिला पुर्नस्थापना केन्द्र (ओरेक), काठमाडौं
२. सिविन-नेपाल, काठमाडौं
३ महिला आत्म निर्भरता केन्द्र (मान्क), सिन्धुपाल्चोक
४. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौं
५. नारी सीप सृजना केन्द्र (ओस), मकवानपुर
६. ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक
७. शक्ति समूह, काठमाडौं
८. नेपाल ग्रामीण पुर्ननिर्माण संस्था (आर.आर.एन), काठमाडौं
९. परिवर्तनका लागि कार्यरत महिला समूह (वाच), काठमाडौं
१०. हिमालयन ह्युमन राइटस मोनिटर्स (हिमराइट्स), काठमाडौं
११. नवज्योति केन्द्र, काठमाडौं
१२. समाजसेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस), काठमाडौं
१३. यातनापीडित सरोकार (सिभिक्ट), काठमाडौं
१४. महिला विकास स्वरोजगार प्रक्षिशण केन्द्र, काठमाडौं
१५. महिला हित समाज, काठमाडौं
१६. टेका समूह नेपाल, काठमाडौं
१७. एशियाली महिला मानव अधिकार परिषद् (ए.डब्लु.एच.आर.सी), काठमाडौं
१८. जागरण नेपाल, काठमाडौं
१९. मकवानपुर महिला समूह, मकवानपुर
२०. आवाज, सुर्खेत
२१. नारी उत्थान केन्द्र, काभ्रे
२२. संरक्षण नेपाल, बारा
२३. सामाजिक परिवर्तनका लागी महिला जागरण मञ्च-नेपाल, कैलाली
२४. शिक्षा तालिम तथा सामुदायिक सेवा–नेपाल, मकवानपुर
२५. नारी उत्थान केन्द्र, कञ्चनपुर
२६. बाल समाज नेपाल, विराटनगर
२७. शक्ति मिलन समाज, काठमाडौं
२८. महिलाको निम्ति महिला मञ्च, नेपाल, काठमाडौं
२९. विश्वास नेपाल, काठमाडौं
३०. आशा नेपाल, काठमाडौं
३१. कोकन नेपाल, काठमाडौं
३२. केआई नेपाल, ललितपुर
३३. परिवर्तित नेपाल, काठमाडौं
३४. छोरी, ललितपुर
३५. सहभागी, चितवन
३६. चाइल्ड नेपाल, काठमाडौं
३७. सामाजिक सेवा केन्द्र (सोसेक), दैलेख

# हिँडडुलको स्वतन्त्रता आवश्यक छ सुनिश्चितता !

AATWIN

## महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

बबरमहल, काठमाडौं, नेपाल पो.ब.न. २४९६०
फोन. ०१-४२२९७८७/४२२०४७८, फ्याक्स: ४२२९७८७
ईमेल: aatwin@ntc.net.np वेभसाइट: www.aatwin.org.np

## १. एटविन परिचय :

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन), मानवअधिकार, महिला अधिकार र बाल अधिकारको क्षेत्रमा अधिकारमुखी अवधारणाबाट कार्यरत संघसंस्थाहरुको साझा सञ्जाल हो ।

मानव बेचबिखन जस्तो विश्वव्यापी रुपमा संगठित अपराधसँग जुध्न एक दुइवटा संस्थाहरूको प्रयासले मात्र सम्भव नहुने भएकाले समान विचार र उद्देश्य भएका संघसंस्थाहरूको साझा सञ्जाल निर्माण हुनुपर्ने आवश्यकता महसुस गरी सन् १९९७ जुन ६ तद्नुसार वि.सं. २०५४ ज्येष्ठ २४ गते एटविनको स्थापना भएको हो ।

यस सञ्जालले आफ्नो स्थापनाकालदेखि नै मानव बेचबिखन विरुद्धमा नीतिगत तहमा परिवर्तनका निमित्त स्थानीय देखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यसका अतिरिक्त आफ्ना सदस्य संस्थाहरू बीच बेचबिखन विरुद्धका अवधारणागत् स्पष्टताका निमित्त पनि एटविन प्रयत्नशील रहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा आएको परिवर्तन अनुसार बेचबिखनविरुद्धका नीति, नियम, कानुन र कार्य शैलीमा परिवर्तन गर्दै यस विरुद्धका अभियानहरू सञ्चालन गर्नुपर्छ भन्ने एटविनको मान्यता रहेको छ । मानव बेचबिखन विश्वव्यापी समस्या भएको कारण यस विरुद्ध जुध्न बढी भन्दा बढी संस्थाहरूलाई संगठित गरि अभियान सञ्चालन गर्ने यस सञ्जालको लक्ष्य रहेको छ । हाल एटविनमा मानव अधिकार, महिला अधिकार र बाल अधिकारका क्षेत्रमा क्रियाशील ३७ वटा संस्थाहरू सदस्य रहेका छन् ।




## २. परिकल्पना (भिजन) :

मानव बेचबिखन रहित न्यायपूर्ण र समतामूलक समाजको स्थापना भएको हुनेछ ।

## ३. ध्येय (मिसन) :

मानव बेचबिखन विरुद्धको अभियानलाई सशक्त रूपमा सञ्चालन गर्न देशभरका महिला अधिकार, मानव अधिकार र बाल अधिकारमा काम गर्ने संघसंस्थाहरूलाई संगठित तथा सशक्तीकरण गर्दै र अन्तर्राष्ट्रिय सञ्जालहरूसँग हातेमालो गर्दै मानव बेचबिखन जस्तो जघन्य अपराध न्यूनीकरण गर्न पैरवी र वकालत गर्ने ।

## ४. लक्ष्य :

मानव बेचबिखनसँग सम्बन्धित नीतिगत परिवर्तन र सचेतना अभियान सञ्चालन गर्दै मानव बेचबिखनलाई न्यूनीकरण गर्ने ।

## ५. उद्देश्य :

- मानव बेचबिखनविरूद्धका नीति नियम र कानुन निर्माण, संशोधन र कार्यान्वयनका लागि सहयोग र दबाब सृजना गर्ने ।
- बेचबिखनको अवस्थाका बारेमा अध्ययन् अनुसन्धान गरी अधिकारवाला र सरोकारवालाहरूलाई सुसुचित गर्ने ।
- मानव बेचबिखनविरूद्ध, महिला अधिकार, बाल अधिकार र मानव अधिकारका क्षेत्रमा कार्यरत् संस्थाहरूलाई संगठित गर्दै उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- एटविनलाई प्रभावकारी स्रोत केन्द्रको रूपमा विकास गर्ने ।
- एटविनलाई मानवीय तथा भौतिक साधन स्रोतले सम्पन्न बनाउँदै आवश्यकता अनुसार मानवीय स्रोतको क्षमता अभिवृद्धि गर्दै जाने ।

## ६. एटविनले मानव बेचबिखनविरुद्ध लिएका विश्वास र मान्यताहरु

- कुनै पनि व्यक्तिलाई ललाई फकाई, डराई, धम्काई, बल प्रयोग गरी, बंधुवा बनाई वा पदको दुरुपयोग गरी यौनशोषण वा अन्य जुनसुकै शोषणयुक्त प्रयोजनका निम्ति एक ठाउँबाट अर्को ठाउँमा लैजानु मानव बेचबिखन हो ।
- विद्यमान सामाजिक आर्थिक र लैङ्गिक रुपमा असमानता, पितृसत्तात्मक र पुरातनवादी सामाजिक संरचना, राजनैतिक प्रतिवद्धताको अभाव, कानूनहरूको कार्यान्वयन तहमा रहेको कमजोरी, अपुग कानुनी संरचना, छिमेकी राष्ट्रसँगको खुला सीमाना र असुरक्षित स्थानागमन मुख्यगरी मानव बेचबिखनका जिम्मेवार पक्षहरु हुन् ।
- महिला तथा बालबालिका बेचबिखनको सवाल छुट्टै सवाल नभई हाम्रो देशको राष्ट्रिय र सामाजिक परिवेशसँग अन्तर्निहित र अन्तर्सम्बन्धित विषयवस्तु हो ।
- मानव बेचबिखन आधारभूत मानव अधिकारको उल्लघंन हो र विद्यमान शोषणमूलक र विभेदपूर्ण सामाजिक संरचनाको अन्त्यबाट मात्र बेचबिखनको अन्त्य हुन सक्तछ ।

## ७. एटविनका मुख्य कार्यक्रमहरु :

### ७.१ मानव बेचबिखन विरुद्ध वकालत अभियान

मानव बेचबिखनको सवाललाई मानवअधिकारको दृष्टिकोणले विश्लेषण गर्दै राज्यले लिएका नीति नियमहरूको प्रभावकारी कार्यान्वयन, परिमार्जन, परिवर्तन र निर्माणका लागि सचेतना एवं वकालतका अभियान सञ्चालन गर्दै आएको छ । पैरवी, परामर्श, छलफल, कार्यशाला गोष्ठी, ज्ञापनपत्र, पत्रकार सम्मेलन, प्रेस विज्ञप्ति, धर्ना, प्रदर्शन, रैली आदि सचेतना कार्यक्रमका मुख्य क्रियाकलापहरू हुन् ।

### ७.२ संजाल बिस्तार

मानव बेचबिखनविरुद्धको अभियानमा सञ्जाल ज्यादै महत्वपूर्ण र आवश्यक हुन्छ । यसै कुरालाई महसुस गरी एटविनले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म संजाल विस्तारका काम गर्दै आएको छ जस अनुसार यस सञ्जाललाई जिल्ला-जिल्लासम्म पुऱ्याउने कार्य एटविनका सदस्य संस्थाहरू मार्फत भइरहेको छ भने क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा एटविन Resistance/SANFEC, GAATW, RCEM/SDG आदिको सदस्यताका माध्यमबाट समेत अभियानलाई अघि बढाइ रहेको छ ।

### ७.३ एटविन सूचना तथा स्रोतकेन्द्र

मानव बेचबिखन, मानव अधिकारका बारेमा सूचनाहरुलाई व्यवस्थित तवरले सङ्कलनगर्ने र राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरसम्म सूचना प्रवाहित गर्ने उद्देश्यले सन् २००४ मा एटविनको सूचना तथा स्रोत केन्द्रको स्थापना भएको हो । यसमा मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार र बाल अधिकार सम्बन्धी विभिन्न पुस्तक बुलेटिन पत्र-पत्रिका, शोधपत्र, प्रतिवेदन, लेख तथा समाचारहरूको संग्रह, श्रव्य-दृश्य सामाग्रीहरू जस्तैः पोस्टर, लेख-रचना, पम्पलेट, ब्रोसरहरू, फोटोहरू, शोधपत्रहरुको संग्रहहरू उपलब्ध छन् । यस स्रोत केन्द्रलाई एटविन सदस्य संस्था, शोधकर्ता, विद्यार्थी, संचार माध्यम तथा सम्बन्धित क्षेत्रमा चासो राख्ने सर्वसाधारणद्वारा प्रयोग भइरहेको छ ।

### ७.४ अवधारणागत स्पष्टताका लागि पहलहरु

मानव बेचबिखनविरुद्धमा काम गर्ने सन्दर्भमा सदस्यसंस्थाहरूबीच अवधारणात्मक स्पष्टता महत्वपूर्ण विषय हो । तसर्थ एटविनले यसका निमित्त कार्यशाला, छलफल, अभिमुखिकरण, प्रशिक्षण, प्रकाशन लगायत अन्य विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

## ८. एटविनले गरेका मुख्य क्रियाकलाप र उपलब्धिहरू :

- सार्क राष्ट्रका सरकार एवं राष्ट्र प्रमुखहरूलाई मानव बेचबिखनविरुद्ध ध्यानाकर्षण गराउँदै दबाव सृजना गर्न सन् १९९९ मा वृहत पत्रलेखन अभियान सञ्चालन गऱ्यो ।
- सन् २००२ मा सार्क राष्ट्रहरूलाई बेचबिखनविरुद्धको क्षेत्रीय स्तरको कानून निर्माणका लागि दबाव सिर्जना गर्न एघारौं सार्क सम्मेलन २००३ भन्दा आगाडी काठमाडौंमा क्षेत्रीय स्तरको दोस्रो सार्क पिपुल्स फोरमको आयोजना ।
- विभिन्न सार्क सम्मेलनका क्रममा निरन्तररुपमा महिला तथा बालबालिकाको बेचबिखन, रोकथाम तथा यस विरुद्ध लड्नका लागि सार्क स्तरको संयन्त्रका लागि पैरवी र अभियान संचालन ।
- मानव बेचबिखन सम्बन्धी अवधारणात्मक स्पष्टताका निमित्त स्थानीयतह देखि अन्तर्राष्ट्रिय तहसम्म कार्यशाला, सेमिनार, अन्तरक्रिया एवं सूचना सामग्रीहरूको प्रकाशन र सूचना प्रवाह लगायतका माध्यमबाट व्यापक सचेतना अभियान ।
- मानव अधिकारको दृष्टिकोणबाट बेचबिखनविरुद्धको सार्क महासन्धिलाई अनुमोदन गर्नको लागि पैरवी । यस क्रममा जनस्तरसम्म व्यापक छलफल चलाउन विभिन्न राष्ट्रिय स्तरका कार्यशालाहरु आयोजना गरिएका थिए भने स्थानीय आयोजक संस्थाको रुपमा एटविनले पहिलो सार्क पिपुल्स फोरममा सहयोग र सहभागिता जनायो ।




- राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा एटविनको पहिचानमा वृद्धि ।
- कक्षा १० को सामाजिक शिक्षामा एटविनको परिचय समावेश रहेको ।
- एटविन सूचना तथा स्रोत केन्द्रको स्थापना सन् २००४मा भयो ।
- "नेपाली महिला र नागरिकता समस्याः महिलाको जीवनमा परेका सामाजिक-राजनीतिक असरहरूको एक अध्ययन"